# अनुगमन फाराम

## सामुदायिक वा सार्जवजनिक शौचालय मापदण्ड

| | |
|---|---|
| बाल मैत्री | ढोका समाल्ने ह्याण्डल तथा प्यान बाल बालिकाले समाल्न सक्ने हुनु पर्दछ । |
| अपांगता मैत्री | क) शौचालयमा प्रवेश गर्नको लागि खुडकिलो नराखी ह्वील चेयरबाट जान सक्ने हुनुपर्छ ।<br>ख) भित्तामा समाल्नको लागि रेलिंग राखिएको हुनुपर्छ ।<br>ग) शौचालय कोठामा ह्वील चेयर पस्न र घुमाउन मिल्ने ठाउँ हुनु पर्दछ ।<br>घ) ढोकाको ह्याण्डल, चुकुल तथा बस्ने सिट प्यान बैसाखी वा ह्वील चेयर प्रयोग कर्तालाई सहज हुने गरि बनाईएको हुनु पर्छ ।<br>ङ) शौचालयमा दृष्टि बिहिन मानिसलाई सहज हुने गरि बाटोको निर्देश दिईएको र शौचालय प्रयोगमा सहज गर्ने संकेत राखिएको हुनु पर्नेछ । |
| लैङ्गिक मैत्री | क) शौचालय महिला पुरुष तथा तेस्रो लिङ्गीलाई समेत हुने गरि छुट्टा छुट्टै बनाउनु पर्दछ ।<br>ख) शौचालयमा महिनावारी स्वच्छतालाई मध्य नजर गर्दै स्यानिटरी प्याड फयाल्ने बिन बक्स राखिएको हुनु पर्दछ। |
| हात धुने स्थान | क) सबै प्रकारका प्रयोग कर्तालाई प्रयोग गर्न सजह हुने गरि हात धुने बेसिन शौचालयमा बानाईएको हुनुपर्नेछ ।<br>ख) हात धुने बेसिन मा हात धुने साबुन (यथा सक्य झोल थिचेर आफै निस्कने ) तथा सफा पानीको उपलब्धता हुनु पर्दछ |
| शौचालय परिसर | क) शौचालय तथा शौचालय परिसर सफा तथा सुख्खा हुनुपर्दछ<br>ख) शौचालय दुर्गन्ध रहित हुनु पर्दछ, यसको लागि फिने चक्की वा आडोनिल राखिनु पर्दछ । |
| शौचालय संरचना | क) शौचालय निर्माण गर्दा खुला, हावा आवागमन गर्ने हुनु पर्दछ<br>ख) पुरुष शौचालयबाट महिला शौचालय प्रत्यक्ष नदेखिने गरि आवज जाबत गर्ने गरि निर्माण गर्नु पर्दछ । |
| सेप्टिक ट्यांक | क) शौचालयको मल मुत्र विसर्जन गर्नको लागि निर्माण गरिने सेप्टिक ट्यांक लिकेक नहुने गरि निर्माण गरिनु पर्दछ । |

